नाम : दिपेन्द्र हमाल

ठेगाना : चौ. न. पा. १३ रुकुम (पश्चिम)

~~Campus~~ BBS 2nd year

Rukmeli campus Musikot

<u>निबन्ध प्रतियोगिता</u>

<u>शिर्षक</u> :

<u>सूचना प्रविधिको युगमा डिजिटल साक्षरता</u>

~~सूचना~~ डिजिटल साक्षरता

परिचय र अवधारणा

आजको समयलाई सुचना प्रविधिको युग भनिन्छ। इन्टरनेट, कम्प्युटर, मोबाइल र विभिन्न डिजिटल प्लेटफर्महरूको तीव्र विकासले हाम्रो दैनिक जीवनलाई सहज बनाएको छ। यस्तो अवस्थामा डिजिटल साक्षरता अत्यन्त आवश्यक बनेको छ। विज्ञान र प्रविधिको तीव्र विकास संगै मानव जिवनका हरेक क्षेत्रमा डिजिटल प्रविधिको प्रयोग व्यापक रूपमा बढ्दै गएको छ। डिजिटल साक्षरता भन्नाले कम्प्युटर, इन्टरनेट र अन्य डिजिटल उपकरणको प्रयोग गरी सुचना खोज्ने, बुझ्ने, विश्लेषण गर्ने र सुरक्षित रूपमा प्रयोग गर्ने क्षमतालाई जनाउँछ। यसले केवल प्रविधि चलाउने सीप मात्र नभई त्यसको सही, नैतिक र सुरक्षित प्रयोग गर्ने ज्ञान पनि समेट्छ। आजको प्रतिस्पर्धात्मक समाजमा डिजिटल साक्षरता बिना कुनै पनि व्यक्तिले पूर्ण रूपमा सफल हुन सक्दैन। सुचना प्रविधि हाम्रो जीवनको अभिन्न अङ्ग बनेको छ। यस्तो अवस्थामा लेख्न र पढ्न जान्नु मात्र पर्याप्त छैन। प्रविधिलाई सही ढङ्गले बुझ्न

र प्रयोग गर्न सक्नु नै वास्तविक साक्षरता हो। यसैलाई हामी डिजिटल साक्षरता भन्छौं। यो केवल विशेष व्यक्ति वा समुदायको मात्र आवश्यकता नभएर सम्पुर्ण मानव समाजको मुलभुत आवश्यकता बनिसकेको छ। यसले डिजिटल माध्यमबाट सुचना खोज्ने, विश्लेषण गर्ने, मुल्यांङ्कन गर्ने, नयाँ सामग्री सिर्जना गर्ने, सुरक्षित रूपमा सञ्चार गर्ने र समस्या समाधान गर्ने समग्र क्षमतालाई समेट्छ। डिजिटल साक्षर व्यक्तिले विभिन्न सफ्टवेयर, एप्लिकेशन र अनलाइन प्लेटफर्मको उचित प्रयोग गर्न सक्छ। साथै उसले डिजिटल संसारका जोखिमहरू ह्याकिङ, फिसिङ, पहिचान चोरी) बाट आफुलाई बचाउने ज्ञान समेत राखेको हुन्छ। यसकारण डिजिटल साक्षरतालाई एकीकृत सीपको रूपमा बुझ्नुपर्छ जसमा प्राविधिक, संज्ञानात्मक, सामाजिक र नैतिक पक्षहरू समावेश हुन्छन्। जसरी परम्परागत साक्षरता (पढ्न, लेख्न र गणना गर्न सक्ने क्षमता) मानव जीवनका लागि आधारभुत मानिन्छ, यस्तै आजको समयमा डिजिटल साक्षरता पनि अनिवार्य सीपको रूपमा स्थापित भएको छ।

डिजिटल साक्षर व्यक्तिले इन्टरनेटको सुरक्षित र जिम्मेवार प्रयोग गर्न जान्नुपर्छ, साथै नयाँ प्रविधिसँग अनुकूल हुने सीप पनि हुनुपर्छ।

डिजिटल साक्षरताको महत्व र आवश्यकता :

सूचना प्रविधिको युगमा डिजिटल साक्षरता अति आवश्यक हुन्छ। जसलाई निम्नअनुसार व्याख्या गर्न सकिन्छ।

1) शिक्षा र ज्ञानको पहुँच :

आज संसारको सम्पुर्ण ज्ञानभण्डार इन्टरनेटमा सुलभ छ। युट्युब, डिजिटल पुस्तकालय, कम्प्युटर जस्ता माध्यमले ज्ञान लिन अत्यन्त सहज बनाएका छन्। डिजिटल साक्षरता व्यक्तिले आफ्नो रूचिको विषयमा अनलाइन कोर्स लिन सक्छ, ई-पुस्तक पढ्न सक्छ र टाढाको शिक्षा प्राप्त गर्न सक्छ।

२) रोजगारी

वर्तमान श्रम बजारमा डिजिटल सीप नभएको व्यक्ति पछि पर्ने अवस्था छ। अफिसको कामदेखि लिएर बैङ्किङ, स्वास्थ्य, कृषि, पर्यटन सबै क्षेत्रमा डिजिटल उपकरणको प्रयोग बढेको छ। साथै, फ्रीलान्सिङ, ई-कमर्स, डिजिटल मार्केटिङ, ब्लगिङ जस्ता अनलाइन व्यवसायले डिजिटल साक्षर व्यक्तिलाई घरमै बसेर पैसा कमाउने अवसर दिएका छन्।

३) सरकारी र वित्तीय सेवाको सहज पहुँच

नेपालमा ई-सेवा, अनलाइन टिकट, डिजिटल भुक्तानी, मोबाइल बैंकिङ, अनलाईन कर तिर्ने व्यवस्था विस्तार हुँदै गएको छ। डिजिटल साक्षर भएमा यी सेवा लिन लाइनमा घण्टौं नबसीकन घरमै कार्य सकिन्छ। यसले समय र श्रम दुवै बच्छ।

४) सामाजिक सम्बन्ध :

भिडियो कल, सामाजिक सञ्जाल (फेसबुक, whatsapp, viber), E-mail ले टाढाका आफन्त र साथिहरूसँग सजिलै सम्पर्क कायम राख्न सहयोग गरेको छ। विपतको बेलामा डिजिटल माध्यमले जीवन बचाउने जानकारी सञ्चारमा समेत सहयोग पुऱ्याएको छ।

५) सशक्तिकरण :

डिजिटल साक्षरताले महिला, दलित, आदिवासी जनजाति, अशक्त जस्ता विपन्न समुदायलाई आवाज उठाउन र आफ्ना समस्या राख्न मञ्च प्रदान गरेको छ। जानकारीको अभावको कारण पीडित हुनुपर्ने अवस्था कम हुँदै गएको छ।

६) स्वास्थ्य सेवा :

टेलिमेडिसिन, स्वास्थ्यसम्बन्धी सूचना, अनलाइन औषधि अर्डर, कोभिड-१९ को ट्रयाकिङ जस्ता काम डिजिटल माध्यमबाट हुँदा स्वास्थ्य सेवा सहज र प्रभावकारी बनेको छ। डिजिटल साक्षर व्यक्तिले आफ्नो स्वास्थ्य डेटा व्यवस्थापन गर्न र आवश्यक सूचना प्राप्त गर्न सक्छ।

डिजिटल साक्षरताका चुनौतीहरू :

विज्ञान र प्रविधिको तीव्र विकाससँगै मानव जीवनका क्षेत्रहरू : शिक्षा, स्वास्थ्य, व्यापार, प्रशासन, सञ्चार - सबै डिजिटल माध्यममा आधारित बन्दै गएका छन्। यसका चुनौतिहरू यस प्रकार रहेका छन् :

1) डिजिटल विभाजन :

डिजिटल विभाजनले शहर र गाउँ, धनी र गरीब, युवा र ज्येष्ठबीचको अन्तरलाई जनाउँछ। नेपालका दुर्गम पहाडी र हिमाली जिल्लाहरूमा इन्टरनेट पहुँचको अभाव छ। बिजुलीको समेत समस्या हुने ठाउँमा डिजिटल साक्षरताको कुरा गर्नु व्यङ्ग्य हो।

२) साइबर सुरक्षाको जोखिम :

डिजिटल जगत् जति फराकिलो छ, खतरा पनि त्यति नै धेरै छ। Hacking, फिसिङ (नक्कली लिंक पठाएर ठग्ने), डाटा चोरी, साइबर बुलिङ, अनलाइन ठगी जस्ता समस्याले डिजिटल साक्षरताको बाटोमा अर्को चुनौती थपेको छ जसबाट बचन थप ज्ञान चाहिन्छ।

३) भाषा र स्थानीय सामग्रीको अभाव :

धेरै डिजिटल सामग्री English मा छन् । नेपाली भाषा र स्थानीय भाषाहरूमा पर्याप्त डिजिटल सामग्री, ट्युटोरियल, एप नहुँदा डिजिटल साक्षरता हासिल गर्न कठिनाई हुन्छ।

४) भौतिक पूर्वाधारको कमी :

नेपालका धेरै गाउँमा विद्युत नियमित छैन, मोबाइल टावर छैन, ब्रोडब्यान्ड इन्टरनेट पुगेको छैन। कम्प्युटर, स्मार्टफोन र डाटाको मूल्य व्यक्तिको क्षमताभन्दा माथि नै छ।

५) सीप र सिकाइको अन्तर :

विद्यालय पाठ्यक्रममा डिजिटल साक्षरता अनिवार्य भए पनि व्यावहारिक ज्ञान कमजोर छ। प्रशिक्षकको अभाव, पुरानो प्रविधि र अभ्यासको कमीले प्रभावकारी सिकाइ हुन सकेको छैन।

६) लैङ्गिक असमानता :

नेपालमा महिलाहरूको डिजिटल साक्षरता दर पुरुषको तुलनामा कम छ। सामाजिक बन्धक, शिक्षाको अभाव, आर्थिक निर्भरता र सुरक्षा जोखिमले गर्दा महिला डिजिटल संसारबाट पछाडि छन्।

नेपालमा डिजिटल साक्षरताको अवस्था:

नेपालमा हाल डिजिटल साक्षरता बिस्तारै बढ्दै गएको। सरकारले डिजिटल नेपाल फ्रेमवर्क २०७९ ल्याएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, विभिन्न गैरसरकारी संस्था र निजी क्षेत्रले डिजिटल साक्षरता अभियान सञ्चालन गरिरहेका छन्, विद्यालय तहमा कम्प्युटर शिक्षा अनिवार्य गरिरहेका छन्। ~~विद्यालय~~ ~~तहमा~~ ~~कम्प्युटर~~ सामुदायिक विद्यालयमा कम्प्युटर ल्याब सरकारी कार्यालयमा अनलाइन सेवा, सार्वजनिक स्थलमा फ्रि वाइफाई जस्ता प्रयास भए पनि प्रभावकारी कार्यान्वयनमा कमी छ। अझै पनि गाउँघरका मानिस साधारण स्मार्टफोन समेत प्रयोग गर्न सक्दैनन्। आर्थिक अवस्था, भौगोलिक विकटता, र शैक्षिक पहुँचको कमीले गर्दा डिजिटल विभाजन ठूलो छ। नेपाल पनि सूचना प्रविधिको विकाससँगै अघि बढिरहेको छ। सरकारले डिजिटल नेपाल अभियान सञ्चालन गरिरहेको छ। शहरमा बस्ने मानिसहरू तुलनात्मक रूपमा बढी डिजिटल साक्षर छन् भने ग्रामीण क्षेत्रमा अझै कमी देखिन्छ।

शिक्षाको स्तर, आर्थिक अवस्था र पूर्वाधारको अभाव यसका प्रमुख कारण हुन्। यस अवस्थालाई सुधार गर्न सरकारले, गैर-सरकारी संस्थाहरूले र निजी क्षेत्रले डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्छ। विद्यालय देखि नै डिजिटल शिक्षा अनिवार्य बनाउनु आवश्यक छ। नेपालको संविधानले सूचनाको हकलाई मूलभूत हकको रूपमा सुनिश्चित गरेको छ। नेपाल सरकारले डिजिटल नेपाल अभियान, स्मार्ट नागरिक एप, ई-गभर्नेन्स, राष्ट्रिय सूचना प्रविधि केन्द्र (NITC) र पोस्टल सेवा अन्तर्गत सामुदायिक डिजिटल हब जस्ता कार्यक्रम ल्याएको छ। तर पनि ग्रामीण नेपालको वास्तविकता भिन्न छ।

नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङ्क अनुसार इन्टरनेट प्रयोगकर्ताको संख्या बढे पनि गुणात्मक प्रयोग कम छ। धेरैले सामाजिक सञ्जाल र मनोरञ्जनमा मात्र समय बिताउँछन्, उत्पादनशील कार्यमा होइन यसकारण केबल इन्टरनेट जडान मात्र पुग्दैन, त्यसको सही प्रयोग गर्ने सीप पनि चाहिन्छ। कोभिड १९ को महामारीले नेपालमा डिजिटल साक्षरताको महत्व झन स्पष्ट पार्यो। अनलाइन कक्षा टेलिमेडिसिन, डिजिटल भुक्तानीको अवधारणा आवश्यक बन्यो तर धेरै अगाडि डिजिटल रूपान्तरण हुन सकेन।

डिजिटल साक्षरताका फाइदाहरू:

डिजिटल साक्षरता हुनुका धेरै फाइदाहरू छन् जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

1) सूचनामा पहुँच:

संसारभरको ज्ञान र सूचना एक क्लिकमा प्राप्त गर्न सकिन्छ।

२) समय र लागत बचत:

अनलाइन बैंकिङ, खरिद, फारम भर्ने जस्ता कामले समय र पैसा दुवै बच्छ।

३) संवाद र सहकार्य:

सोसल मिडिया, इमेल, भिडियो कन्फरेन्सिङले मानिसहरूबीच तत्काल र सजिलो सम्पर्क स्थापित गर्छ।

४) सिर्जनात्मकता र नवप्रवर्तन:

डिजिटल उपकरणले नयाँ विचार, कला, संगीत, लेखन, कोडिङ जस्ता सिर्जनात्मक कार्यलाई प्रोत्साहन दिन्छ।

५) महामारी तथा विपद्को समयमा सहजता :

कोभिड -१९ जस्ता परिस्थितिमा पढाइ, बैंकिङ, किनमेल, कामकाज अनलाइनबाटै सहज रूपमा गर्न सकिन्छ ।

डिजिटल साक्षरता अभिवृद्धिका उपाय :

डिजिटल साक्षरता अभिवृद्धिका उपायहरू यस प्रकार रहेका छन् :

१) पूर्वाधारको विस्तार :

दुर्गम क्षेत्रमा सस्तो र गुणस्तरीय इन्टरनेट पुर्‍याउन सरकारले प्राइभेट कम्पनीसँग सहकार्य गर्नुपर्छ । हरेक गाउँपालिकामा सामुदायिक डिजिटल सेन्टर स्थापना गर्ने ।

२) पाठ्यक्रम सुधार :

प्राथमिक तहदेखि नै डिजिटल साक्षरता अनिवार्य विषय हुनपर्छ । माध्यमिक तहमा कोडिङ, साइबर सुरक्षा डिजिटल नागरिकता जस्ता विषय पढाउने ।

३) वयस्क र ज्येष्ठका लागि तालिम:

स्थानीय पुस्तकालय, वडा कार्यालय, युवा क्लबमार्फत नि:शुल्क डिजिटल साक्षरता तालिम चलाउने। महिला र विपन्न वर्गलाई प्राथमिकता दिने।

४) साइबर सुरक्षा शिक्षा:

पासवर्ड कसरी बलियो बनाउने, नक्कली लिंक कसरी चिन्ने, व्यक्तिगत डाटा कसरी सुरक्षित राख्ने भन्ने विषयमा सचेतना अभियान चलाउने।

५) सस्तो हार्डवेयर:

सरकारले असिस्टेड टेक्नोलोजी कार्यक्रम अन्तर्गत विद्यार्थी र विपन्न नागरिकलाई सहुलियत मूल्यमा कम्प्युटर / ट्याबलेट दिने व्यवस्था गर्न सक्छ।

५) सरकारी लगानी र नीति:

सबै नागरिकलाई सुलभ, किफायती र गुणस्तरीय इन्टरनेट पहुँच उपलब्ध गराउन सरकारले लगानी बढाउनुपर्छ। राष्ट्रिय डिजिटल साक्षरता अभियान चलाउनुपर्छ।

६) महिला र सीमान्तकृत समुदायलाई लक्षित:

विशेष बजेट विनियोजन गरी महिला दलित जनजाती, अपाङ्गता भएका व्यक्तिहरूका लागि छुट्टै सिकाई कार्यक्रम चलाउनुपर्छ।

७) जनचेतना अभिवृद्धि:

डिजिटल साक्षरताको महत्वबारे जनचेतना फैलाउनु आवश्यक छ। रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक सञ्जालमार्फत जनतालाई सचेत गराउन सकिन्छ। सचेतना अभिवृद्धिले मानिसहरूलाई डिजिटल प्रविधि प्रयोग गर्न प्रेरित गर्छ।

डिजिटल साक्षरता आजको समयको माग मात्र होइन, अवसर पनि हो। यसले सूचनाको हक सुनिश्चित गर्छ, आर्थिक समृद्धिको ढोका खोल्छ, शिक्षालाई सहज बनाउँछ र सामाजिक जोडाइलाई बलियो बनाउँछ। तर यसका चुनौतीहरूलाई नजरअन्दाज गर्न सकिँदैन। सरकार, निजी क्षेत्र, समुदाय र व्यक्ति सबैको सक्रिय प्रयासले मात्र डिजिटल विभाजनको खाडल पुर्न सकछ। नेपालजस्तो विकासशील र भौगोलिक रूपमा विकट मुलुकमा डिजिटल साक्षरता अभियान सञ्चालन गर्न सहज छैन तर असम्भव पक्कै छैन। यदि हरेक नागरिक [redacted] डिजिटल रूपमा सशक्त भयो भने मात्र सूचना प्रविधिको पुर्ण फाइदा लिन सकिन्छ। डिजिटल रूपमा [redacted] हरेक नागरिक समृद्ध नेपालको आधार भन्ने मुलमन्त्र सार्थक बनाउन्न हाम्रो सबैको दायित्व हो।

त्यसैले आजको सूचना प्रविधिको युगमा हामीले हरेक घर, हरेक विद्यालय, हरेक समुदायलाई डिजिटल रूपमा साक्षर बनाउने यात्रामा लाग्नुपर्छ। यसले मात्रै नेपाललाई सूचनाको क्षेत्रमा समावेशी, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन सहयोग पुर्याउने छ।

सुचना प्रविधिको युगमा डिजिटल साक्षरता अब केवल सीप मात्र नभई अधिकार र आवश्यकता बनेको छ। जो डिजिटल साक्षर छन्; उनीहरू सुचना, अवसर, सेवा र र समृद्धिको नजिक छन्; जो पिछडिएका छन्, उनीहरू झन् पछाडि पर्ने जोखिममा छन्। नेपालले दिगो विकास लक्ष्य हासिल गर्न, ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्न, र सबै नागरिकको जीवनस्तर सुधार गर्न डिजिटल साक्षरतालाई प्राथमिकता रख्नैपर्छ। यसका लागि सरकार, निजी क्षेत्र, शिक्षण संस्था, गैरसरकारी संस्था र नागरिक समाज सबैको ठोस सहकार्य जरुरी छ। प्रविधिलाई सही, सुरक्षित र सिर्जनात्मक रूपमा प्रयोग गर्न जान्नु नै आजको सफल नागरिकको पहिचान हो। त्यसैले, "डिजिटल साक्षरता: सबैको लागि सबैतर्फ" भन्ने मुल नारा हामी सबैले आत्मसाथ गर्नुपर्छ। सानो प्रयासले ठुलो परिवर्तन ल्याउन सक्छ: हरेक घर, हरेक समुदायमा डिजिटल चेतना फैलाउनु नै सुचना प्रविधिको युगको यथार्थ पहिचान हो।

अन्ततः डिजिटल साक्षरता आजको आवश्यकता मात्र होइन, भविष्यको आधार पनि हो। यसको विकासले व्यक्तिको क्षमता वृद्धि गर्नुको साथै देशको आर्थिक र सामाजिक विकासमा पनि महत्वपुर्ण योगदान पु-याउँछ। डिजिटल साक्षरता सुधारका लागि शिक्षा, तालिम, पुर्वाधार विकास, जनचेतना र सरकारी सहयोग आवश्यक हुन्छ। यदि यी उपायहरू प्रभावकारी रूपमा लागु गरिये भने, सबै नागरिक डिजिटल रूपमा सक्षम बन्नेछन् र देश समृद्धिको मार्गमा अघि बढ्नेछ।